स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पूर्वघोषित मितिमा फिल्म 'चमेलीको पोइ' प्रदर्शन नहुने भएको छ। एभरेस्ट सूर्य बोहरा निर्देशित फिल्म रामनवमी अर्थात १३ चैत्रमा दर्शक माझ ल्याइने बताइएको भए तापनि देशको वर्तमान राजनैतिक स्थिति तथा निर्वाचनको परिवेशलाई मध्यनजर गरी उक्त निर्णय गरिएको जारी प्रेस विज्ञप्तिमा जनाइएको छ। सुरक्षा पन्त, मुकुन भुसाल लगायतले अभिनय गरेको फिल्म आरआर फिल्मसले वितरण गर्नेछ ।

आजको विचार...



सत्ताको...
(दुई पेजमा)

सञ्जीव पौडेल



सामाजिक राजनीतिक विषयमा निर्माण भएको फिल्म 'बिगुल' । आगामी माघ ९ गतेबाट प्रदर्शनमा आउने फिल्म यतिबेला प्रचारप्रसारमा छ । यस्तैमा निर्माण युनिटले फिल्मको शीर्ष गीत 'मरुभूमिमा पानीजस्तै' सार्वजनिक गरेको छ । युवराज चौलागाई र अनु चौधरीको स्वर रहेको गीतमा फिल्मका कलाकार बेनीशा हमाल र नरेन खड्का फिचर्ड छन् । गीतमा शब्द र संगीत अर्जुन पोखरेलको छ ।

❒ वर्ष ३१ ❒ अंक २०४ ❒ २०८१ फागुन ९ गते शनिबार 21 February 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भारी वर्षाका कारण सात जनाको मृत्यु

(रासस/सिन्हुवा)

**मनिला,** फागुन ८/ दक्षिणी फिलिपिन्सको डाभाओ डे ओरो र डाभाओ ओरिएन्टल प्रान्तमा भारी वर्षाका कारण आएको पहिरोमा परि कम्तीमा सात जनाको मृत्यु भएको अधिकारीहरूले शुक्रबार बताएका छन् । फिलिपिन्स रेड क्रसले दाभाओ डे ओरो प्रान्तको मोन्कायो सहर स्थित प्रभावित क्षेत्रबाट तीन जनाको शव बरामद गरेको बताएको छ । स्थानिय बासिन्दाहरूको सुरक्षा सुनिश्चित गर्न अधिकारीहरूले प्रभावित क्षेत्रको मूल्याङ्कन अवलोकन जारी राखेको फिलिपिन्स रेडक्रसका अध्यक्ष र प्रमुख कार्यकारी अधिकारी रिचर्ड गोर्डनले सामाजिक सञ्जाल मार्फत जनाएका छन् । शुक्रबार डाभाओ ओरिएन्टलको माटी सहरमा आएको पहिरोले एउटै परिवारका चार जनाको मृत्यु भएको सहरको फायर स्टेसनले सामाजिक सञ्जाल मार्फत जनाएको छ । निरन्तर अनुगमन र द्रुत प्रतिक्रिया सञ्चालनका साथ प्रभावित प्रान्तहरूमा रेडक्रस शाखाहरू उच्च सतर्कतामा रहेको गोर्डनले बताएका छन् ।

# पाल्पामा मतदान केन्द्र पठाउने सामग्रीहरुको 'प्याकेजिङ' काम सकियो

**कृष्ण पोखरेल**

**तानसेन,** फागुन ८/ आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनको तयारी पाल्पामा तीव्र पारिएको छ । यहाँका राजनीतिक दलदेखि निर्वाचन कार्यालय, जिल्ला प्रशासन लगायतका कार्यालयहरुले निर्वाचनका लागि आवश्यक कामको तयारी तीव्र पारेका छन् ।

निर्वाचन कार्यालय पाल्पाले मतदानको लागि मतदान स्थलमा आवश्यक पर्ने सरसमानको विवरण बनाई रुजु गर्दै प्याकिङ गरी तयारी अवस्थामा राखेको छ । उसले यहाँका दुवै निर्वाचन क्षेत्रका लागि आवश्यक पर्ने सामग्रीहरूको प्याकेजिङ कार्य सकेको हो । निर्वाचनका लागि अनिवार्य मानिने मत पेटिका, स्वस्तिक छाप र स्ट्याम्प प्याडदेखि मसलन्दका सरसमान, मतदान अधिकृतको डायरी, मुचुल्का फारम, मतदाता नामावली र नयाँ मतदाता परिचयपत्र, तयार गरिएको छ । यसैगरी लाहा छाप, सलाई, मैनबत्ती, सुतली धागो, स्टेसनरी सामग्री, र मतदान केन्द्र व्यवस्थापनका लागि डोरी , अशक्त बृद्ध बृद्धाहरुको लागि प्रयोग हुने सांकेतिक कार्ड र प्राथमिक उपचार बाकसको समेत व्यवस्था गरिएको छ । मतदान स्थलमा चाहिने ६० भन्दा बढी प्रकारका सामाग्रीहरुको प्याकिङ गरिएको जिल्ला निर्वाचन कार्यालय पाल्पाका लेखापाल विनोद घिमिरेले बताए ।



नर्वाचन मिति नजिकिँदै जाँदा देशभरका निर्वाचन कार्यालयमा अन्तिम तयारीको लागि कर्मचारीहरु खटिएका छन् । विहान ७ बजेदेखी राती अवेरसम्म कर्मचारीको व्यस्तता बढेको छ । मतदान प्रक्रियालाई व्यवस्थित बनाउन सानादेखि ठूला सबै सामग्रीको सूची तयार पारिएको छ । यहाँका दुई वटा निर्वाचन क्षेत्रका २५१ वटा स्थायी र २ वटा अस्थायी गरी २५३ वटै मतदान केन्द्रका लागि आवश्यक सामग्रीहरू रुजु गरी पोका बनाउने काम सम्पन्न भएको निर्वाचन कार्यालय पाल्पाका निर्वाचन अधिकारी महेश शर्माले बताए । पाल्पामा प्रत्येक निर्वाचन केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी गरी ६ जनाका दरले कर्मचारी खटाउने गरी अन्तिम तयारीमा लागेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । प्रत्येक मतदान केन्द्रका लागि चाहिने सानादेखि ठूला सामानहरू प्याकिङसंगै केहि दिनमा मतदान अधिकृत र सहायक मतदान अधिकृतको तालिममा मुख्य निर्वाचन अधिकृतको कार्यालय जुटेको छ । पाल्पा जिल्लाको क्षेत्र नं. १ मा ५२ वटा मतदान स्थलको ११७ वटा मतदान केन्द्रमा ९८ हजार ३ सय ८३ मतदाता रहेका छन । यसै गरी क्षेत्र नं. २ मा ६६ वटा मतदान स्थलको १३४ वटा मतदान केन्द्रमा १ लाख ९ हजार ५३ जना मतदाता रहेका छन् । यहाँ निर्वाचनको लागि विभिन्न किसिमका तयारी पूरा भएसँगै अब सबैको ध्यान फागुन २१ को मतदान तर्फ सोझिएको छ । पाल्पा दुई सिटको लागि क्षेत्र नं. १ मा १४ जना र क्षेत्र नं. २ मा १६ जना उम्मेदवारहरु प्रतिष्प्रर्धामा छन् ।

## प्रजातन्त्रको सम्मान गरौं।

-राज्यशक्तिका स्रोत जनता हुन् ।
-निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो ।
-आवधिक निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो।
-नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन् ।
-प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ ।
-कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो।
-शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं।
-सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं।
-सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं।
प्रजातान्त्रिक संस्कृतिको सम्बर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## रुपन्देही-४ का मतदाता भन्छन्- 'हामीलाई विकासप्रेमी नेता चाहिएको छ'

**रविन्द्र प्रताप गुप्ता/रासस**

**देवदह (रुपन्देही),** फागुन ८ / "मर्चवार आउने सडकको अवस्था राम्रो छैन, यहाँको मुख्य समस्या भनेकै बाटोको हो, सडक राम्रो नहुँदसम्म जीवन सहज हुँदैन", रुपन्देही निर्वाचन क्षेत्र नं ४ मा पर्ने मर्चवारी-३ सिसो सेमराका ओमप्रकाश कान्दुले भने । कान्दुजस्ता रुपन्देही-४ का मतदाताको आमसमस्या सडककै हो । एम्बुलेन्स र दमकल ल्याउन पनि समस्या हुने गरेको उनको गुनासो छ ।

त्यसबाहेक बेरोजगारी यहाँको प्रमुख समस्या हो । यस क्षेत्रमा नयाँ उद्योग स्थापना गरी स्थानीय जनशक्तिलाई रोजगारी उपलब्ध गराउने खालको नेता आवश्यक भएको उनको भनाइ छ । "त्यति मात्रै होइन, किसानले



समयमै मलखाद नपाएको अवस्था छ, मलका लागि अहिले पनि सीमापारी भारत जानुपर्ने बाध्यता छ, सिँचाइको सुविधा पनि छैन ।"कान्दु यसपटक रुपन्देही-४ मा विकास गर्नसक्ने र यस क्षेत्रलाई अगाडि बढाउनसक्ने उम्मेदवारलाई मतदान गर्ने सोचमा छन् । उनी भन्छन्, "यो क्षेत्रबाट उम्मेदवारी दिएकामध्ये यहाँको विकास गर्नसक्ने उम्मेदवारलाई जनताले मतदान गरेमात्रै विकास हुन्छ ।(... **बाँकी अन्तिम पेजमा)**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मातृभाषा मर्न नदेऊ

मानिसले जन्म लिएपछि सबैभन्दा पहिले बोलिने र सिक्ने भाषालाई उसको मातृभाषा भनिन्छ । मातृभाषा कुनै पनि व्यक्तिको सामाजिक एवं भाषा सम्बन्धी र रीतिरिवाजको पहिचान पनि हो । तर हिजो आज त्यही भाषा मर्न थालेको छ । मुलुकमा बोलिने करिब एक सय भन्दाबढी मौलिक भाषामध्ये ४० प्रतिशतजति संकटमा हुनु परम चिन्ताको विषय हो । हजारभन्दा कम वक्ता रहेका ३७ वटै भाषा संकटमा छन् । विद्यालयमा नपढाइने राउटे, साम, मनाङे, धुलेसी, फाङ्दुवाली, सुरेल, मालपाँडे, खरिया, कुर्माली, बराम, लुङखिम, सधनी, कागते, वनकरिया, काइके लगायतका भाषाहरू सार्वजनिक जीवनमा पनि कम प्रयोग हुँदै गइरहेका छन् । यो अत्यन्तै चिन्ताको विषय हो ।

विश्वभरै एकतिहाइजति भाषाका वक्ता हजारभन्दा कम छन्, र तीमध्ये हरेक दुई सातामा एउटा भाषा मर्दै गैरहेको छ । यही रीतले मृत भाषाहरूको सूचीमा नेपालका यी प्राचीन भाषाहरू पनि नचढून् भनेर हाम्रा नीतिनिर्माताहरू चिन्तित हुनैपर्छ । आजसम्म अस्तित्वमा रहेका भाषाहरू भोलिका दिनमा लोप हुँदै गए भने त्यो वर्तमान पुस्ताको एउटा ठूलो अपराध ठहरिनेछ । तथ्यांकमा उल्लेख नेपालका भाषाहरू साँच्चै जीवित छन् कि छैनन् ? स्वयं राज्यलाई थाहा छैन । तथ्यांक जप्दै सरकारका आधिकारिक निकायहरू कानमा तेल हालेर बसेका छन् । भाषाशास्त्रीहरू चाहिँ 'दिनदिनै मातृभाषा मर्दैछन्' भनी भविष्यवाणी गरिरहेका छन् । विश्वव्यापी रुपमा मातृभाषाको महत्वलाई बुझाउँदै यसको संरक्षणको लागि हरेक वर्ष फेब्रुअरी २१ तारिखका दिन विश्वभरि विभिन्न कार्यक्रम गरी अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउने गरिन्छ । यस वर्ष पनि आज नेपालसहित विश्वर यो दिवस मनाइँदै छ । हरेक वर्ष यो दिवस मनाइने गरिए पनि मातृभाषा लोप हुने अवस्थामा पुग्नु दुखद् हो । नेपालमा भाषा ऐन बनेको छैन । संघ, प्रदेश र स्थानीय सरकारले भाषासम्बन्धी कुनै काम गर्न सकेका छैनन् । जसका कारण मातृभाषा लोपउन्मुख अवस्थामा पुगेको हो । नेपालको संविधान (२०७२)ले नेपालमा बोलिने सबै भाषा 'राष्ट्रभाषा'को संज्ञा दिएको छ । तर नारामात्र बनेको छ । संघीय, प्रदेश र स्थानीयमा यो दिवसको महत्व झल्काएर अघि बढ्नुपर्ने देखिन्छ । तर एकदिन दिवस मनाएर मात्र मुलुकको मातृभाषाहरू संरक्षण हुनसक्दैन । त्यसका लागि सम्बन्धित समुदाय, तीनै तहका सरकारले दिर्घकालिन योजना बनाएर अगाडि बढ्न आवश्यक छ । यसो भयो भने मात्र मातृभाषा जोगाउन सकिन्छ ।

### Opinion @ Social Network

फुल मन परिसके पछि उसको हांगा
पात,कांडालाई पनि स्वीकार्न सक्नुपर्छ ।
*(संगम लम्सालको फेसबुक स्टाटसबाट www.facebook.com/Sangam.Lamsal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सत्ताको सिंढी : रगत र राजनीति



सञ्जीव पौडेल

*सडक सञ्जाल १४ हजार किलोमिटरबाट १ लाख किलोमिटर पुगेको छ । यो नेपालको कनेक्टिभिटीमा आएको क्रान्ति हो । यसले ग्रामीण अर्थतन्त्रलाई बजारसँग जोडेको छ ।*

नेपालको आधुनिक राजनीतिक इतिहास केवल घटनाहरूको फेहरिस्त होइन, यो रगतको मसीले लेखिएको एउटा वियोगान्त महाकाव्य हो । जब हामी वि.सं. १९९७ सालतिर फर्केर हेर्छौं, राणा शासनको कठोर अन्धकार चिर्न चार जना वीर सपुतहरूले आफैंलाई होइन, देशलाई रोजे । शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठले आृनो प्राणको आहुति दिए । त्यो बलिदान एउटा प्रारम्भिक कम्पन थियो, जसले सुतिरहेको नेपाली चेतनालाई पहिलोपटक झकझकायो । त्यतिबेला राज्य र जनता आमने-सामने उभिएका थिए । यो घटना लिखित अभिलेखभन्दा बढी सामाजिक स्मृतिमा सुरक्षित छ । यसले स्पष्ट पार्‍यो कि त्यो समय राज्य आफैं जनताको विरोधी थियो । विरोधको जवाफ संवाद होइन, फाँसी र गोली थियो । यसरी नेपालको राजनीतिक इतिहासमा राज्य र जनताबीचको द्वन्द्व स्थापित भयो । दु:खद पक्ष के रह्यो भने, त्यहीँदेखि एउटा परम्पराको जग बस्यो, जहाँ 'परिवर्तन' र 'रगत' पर्यायवाची मानिन थालियो । रगतले कसको कुर्सी सुरक्षित गर्छ भन्ने प्रश्न सधैं ओझेलमा रह्यो ।

वि.सं. २००७ सालमा झिनो अधिकारसहितको प्रजातन्त्र आयो । वि.सं. २०१५ मा निर्वाचन भएको दुई वर्ष नहुँदै २०१७ मै प्रजातन्त्र खोसियो । प्रजातन्त्र पुनर्बहालीका लागि २०३६ सालको आन्दोलन भयो । पञ्चायती व्यवस्थाको एकतन्त्रीय घेराभित्र दबिएको नागरिक चेतना सतहमा आएको यो पहिलो ठूलो विस्फोट थियो । विद्यार्थी, बुद्धिजीवी र सचेत नागरिकले स्वतन्त्रताको सास फेर्न चाहेका थिए । आन्दोलन मूलत: शान्तिपूर्ण र वैचारिक थियो, तर राज्यको प्रतिक्रिया सधैं झैं दमनकारी रह्यो । लाठीचार्ज, सामूहिक गिरफ्तारी र गोली प्रहार भए । आजसम्म ती मृतकहरूको ठोस सरकारी तथ्यांक उपलब्ध छैन । दर्जनौं घाइते र केही शहीदका तथ्यहरू इतिहासको छायाँमा दबिएका छन् । आन्दोलनले जनमत संग्रहसम्म बाटो खोल्यो, तर एउटा गम्भीर प्रश्न छोड्यो– के नागरिकको माग पूरा गर्न राज्यले सधैं हिंसा गर्नुपर्छ ? २०३६ ले सिकाएको पाठ यही थियो कि सडकमा रगत देखेपछि मात्र सत्ताले सुधारको कुरा गर्छ । यसले नेपाली राजनीतिमा 'सडक हिंसा' लाई वैधता दिएको पाइन्छ । २०४६ सालको जनआन्दोलन नेपाली राजनीतिमा 'सफल आन्दोलन' का रूपमा चित्रित हुन्छ । पञ्चायत ढल्यो । बहुदलीय प्रजातन्त्र आयो । जनताको अधिकारको ढोका खुल्यो । तर यसको मूल्य सस्तो थिएन । काठमाडौंका सडकदेखि तराईका फाँटसम्म गोली चलाइयो । आधिकारिक तथ्यांक नहुँदा अनुमानत: डेढ दर्जनभन्दा बढी नागरिक मारिए । हामीले बहुदल पाए पनि त्यसँगै एउटा खतरनाक सन्देश संस्थागत भयो कि परिवर्तनका लागि रगत बग्नु सामान्य कुरा हो । नेताहरूले मञ्चबाट घोषणा गरे, 'शहीदको सपना पूरा भयो' तर वास्तविकतामा शहीद परिवारका सपनाहरू तिनै नेताका चिल्ला गाडी र महलका जगमुनि पुरिए । २०४६ सालपछि 'शहीद' शब्दको अवमूल्यन सुरु भयो । रगतलाई सत्तामा पुग्ने 'सर्टकट' बाटोका रूपमा हेर्न थालियो । २०४६ को उपलब्धिले आम जनताको जीवनमा खासै परिवर्तन आएन भनेर माओवादी सशस्त्र द्वन्द्व देखा पर्‍यो । वि.सं. २०५२ फागुन १ गते सुरु भएको यो युद्ध २०६३ मंसिर ५ गतेको शान्ति सम्झौतासम्म पुग्दा नेपाली समाजका लागि सबैभन्दा रक्तरञ्जित अध्याय बन्यो । आधिकारिक तथ्यांक अनुसार १७ हजारभन्दा बढी मानिस मारिए । करिब १३ सय बेपत्ता भए । लाखौं विस्थापित बने । युद्धमा राज्य र विद्रोही दुवै पक्षले 'मुक्ति' र 'न्याय' का नारा दिए, तर सबैभन्दा ठूलो मूल्य सर्वसाधारण नागरिकले तिरे । २०६२/०६३ को आन्दोलनमा २५ जनाभन्दा बढीले बलिदान दिए । यसरी हजारौं मानिसको रगतले २४० वर्षभन्दा धेरै शासन गरेको राजतन्त्र ढल्यो । गणतन्त्र आयो । तर शहीदले परिकल्पना गरेको नेपाल यही थियो ? युद्ध सकियो, राजनीति मूलधारमा आयो, संविधान बन्यो । तर पीडितका घाउहरू राज्यको प्राथमिकतामा परेनन् । रगतको मूल्य सत्ता र सम्झौताको बन्द कोठामा विलीन भयो । द्वन्द्वपछिको कालखण्डमा मधेश आन्दोलन सुरु भयो । यो ऐतिहासिक रूपमा उपेक्षित समुदायको आवाज थियो । २०६३ देखि २०६५ का बीचमा ३० भन्दा बढी मानिस मारिए । अधिकांश मृत्यु सुरक्षाकर्मीको गोलीबाट भयो । संविधानमा केही माग समेटिए, तर यहाँ पनि संवादभन्दा रगतले आफ्नो भावी बाटो कोरेको देखियो । २०६३ चैत ७ गते रौतहटको गौरमा भएको घटना नेपाली राजनीतिको गहिरो कलंक हो । २७ जनाको निर्मम हत्या भयो । शवहरू खुला ठाउँमा फ्याँकिए । राजनीति जनतालाई अमानवीय बनाउने उपकरण बनेको देखियो । यति ठूलो नरसंहारको न्यायिक निष्कर्ष आजसम्म निस्किएको छैन । आरोपितहरू अझै राजनीतिक मैदानमा सक्रिय छन् । त्यस्तै, २०७२ को टीकापुर घटनाले अर्को गहिरो घाउ बनायो । थरुहट आन्दोलनमा ७ जना सुरक्षाकर्मी र एक नाबालकको ज्यान गयो । देशभर ुवीकरण बढ्यो । विडम्बना, हिजो दोषी ठहरिएका व्यक्तिहरू आज फेरि राजनीतिक दल बदल्दै सत्ताको केन्द्रमा छन् । जब दण्डहीनता राजनीतिमा संस्थागत हुन्छ, तब रगतको होली खेल्न कसैलाई डर लाग्दैन । हिजो राजनीति र अपराधको परिभाषा खोज्नेहरू आफ्नो स्वार्थ मिलेपछि अपराधलाई राजनीति बताइदिए । संविधान बनेपछि देशले राजनीतिक प्रणाली पायो । नागरिक अपेक्षा थियो, राजनीतिक दलहरू अब विकासमा केन्द्रित हुनेछन् । तर राजनीतिक दलहरूले यथार्थभन्दा भावनात्मक कुरा बढी गरे । एक अर्कामा आरोप-प्रत्यारोप सुरु गरे । सत्तामा हुँदा र प्रतिपक्षमा हुँदा बोली फेरियो । यति हुँदा पनि विश्व बैंक र युएनडीपीका तथ्यांक अनुसार विगत ३० वर्षमा नेपालले ठूला उपलब्धि हासिल गरेको छ । यो उपलब्धि २०४८ साल देखि नै सुरु भए पनि मुख्यत २०७२ देखि २०८२ सम्म भएका थिए । सडक सञ्जाल १४ हजार किलोमिटरबाट १ लाख किलोमिटर पुगेको छ । यो नेपालको कनेक्टिभिटीमा आएको क्रान्ति हो । यसले ग्रामीण अर्थतन्त्रलाई बजारसँग जोडेको छ । विद्यालयको संख्या र साक्षरता दर बढेको छ । पालिका-पालिकामा स्वास्थ्य चौकी र अस्पताल खुलेका छन् । स्वास्थ्यमा सुधार आएको छ । खानेपानी सुविधा १० प्रतिशत जनताले मात्रै पाएका थिए, अहिले झण्डै नब्बे प्रतिशत नागरिकलाई खानेपानी पुगेको छ । अन्धकार भएको देशमा झण्डै ९५ प्रतिशत बिजुली पुगेको छ । एचडीआई (HDI) मान ०.४६० बाट ०.६२० पुगेको छ । न्यून मानव विकासको ट्यागलाई पछि छोड्दै मध्यम मानव विकासको श्रेणीमा नेपाल प्रवेश गरेको छ । गरिबी ४२ प्रतिशतबाट १७ प्रतिशतमा झरेको छ । तर कृषिमा संलग्न जनसंख्या ६५ प्रतिशतबाट घटेर २७ प्रतिशतमा आएको छ । कृषि क्षेत्रबाट पलायन हुने जनशक्तिलाई व्यवस्थापन गर्नु अबको मुख्य चुनौती देखिन्छ । विगत ३० वर्षमा केही भएन भन्नु तथ्याङ्कगत रूपमा गलत हो । राजनीतिमा केही खराब व्यक्तिहरू हुन सक्छन् । अस्थिरता चाहनेहरूले भएका विकासलाई नजरअन्दाज गरी नकारात्मक सन्देश फैलाएका हुन सक्छन् । तर, पछिल्लो भदौको घटनाले वास्तविकतालाई अर्कै कोणबाट बयान गरिरहेको छ । ती दिनहरूमा जसले सडक तताए, जसले विद्रोहको नाममा उत्तेजना फैलाए, जसले ज्यान जाने अवस्था सिर्जना हुने गरी भिड उकासे ती स्वयं भने पर्दाभित्र सुरक्षित बसे । अगाडि उभ्याइए तिनै निमुखा युवा, जो भावनामा बगे, जो नारामा हराए, जो राजनीति बुझ्नभन्दा पहिले भिडमा धकेलिए उनीहरू त्यसको शिकार भए । एक माओवादी नेताले भनेका थिए 'युद्धमा युवालाई मर्न तयार पारेका हौं । घर छोडेर आएका युवाले विज्ञान बुझ्दैनन्, उनीहरूलाई भावनामा विकास गरिएन भने मर्न तयार हुँदैनन् ।' यही मनोविज्ञान भाद्रको विद्रोहमा पनि प्रयोग भएको देखिन्छ । विद्यालयका अबोध बच्चाहरूलाई भावनामा उक्साएर राजनीतिक हतियार बनाइयो । योजना बन्द कोठामा बन्छन्, तर मृत्यु सडकका निमुखा युवाले भोग्छन् । ढुंगा हान्ने, प्रहरीसँग जुध्ने र अन्त्यमा गोलीको सामना गर्ने आम युवाहरू थिए । तर निर्णय लिने र लाभ उठाउनेहरू सुरक्षित दूरीमा रहेकाहरू देखिए । १९ जनाको ज्यानको बदला भन्दै थप ५७ जनाको ज्यान गयो । यो कसले किन गर्‍यो ? यसका बारेमा धेरै खोजी भएको पाइँदैन । यो विद्रोहको पछाडि कसको के उद्देश्य थियो छानबिन आयोग र भविष्यले बताउँदै जाला । अहिले फागुन २१ को चुनाव नजिकिँदै गर्दा, केही राजनीतिक दलहरूले भदौका ती घटनालाई आफ्नो चुनावी एजेन्डा बनाएको पाइन्छ । जसले युवालाई सडकमा पठाए, उनीहरू नै आज 'पीडितको आवाज' भनी नारा लगाइरहेका छन् । यो कस्तो विडम्बना हो ? दलहरूले ती मृतकका तस्बिरहरू पोस्टरमा टाँसेर भोट मागिरहेका छन् । उनीहरूलाई ती युवाको मृत्युको शोक होइन, बरु त्यो मृत्युले दिलाउने सहानुभूति भोटको लोभ छ । उनीहरूले रगतलाई राजनीतिक लाभका लागि सौदाबाजीको विषय बनाएका छन् । चुनावको मुखमा रगतको कुरा गरेर जनताको ध्यान विकास र सुशासनबाट मोड्ने प्रयास भइरहेको छ । रगतलाई राजनीतिको 'इन्धन' बनाउने यो खेल अब रोकिनुपर्छ । नेपाली राजनीतिमा एक गलत भाष्य स्थापित भयो– बलिदानबिना केही हुँदैन । तर बलिदान सधैं गरिबकै छोराले किन दिनुपर्छ ? नेताका छोराछोरी सुरक्षित बस्छन्, जनताका छोराछोरी अधिकारका लागि मर्छन् । नेपाली युवाहरू अब 'ढाल' बन्नु हुँदैनह 'विवेकी' बन्नुपर्छ । ढुंगा र गोलीको राजनीतिले देश बनेको भए नेपाल आज संसारकै समृद्ध हुन्थ्यो । तर यहाँ केवल चिहानहरू थपिए, मान्छेको जीवनको मूल्य थपिएन । अबका दिनमा रगतको व्यापार गर्नेहरूलाई चिन्नैपर्छ । 'रगत बगाउन सिकाउने नेता होइन, पसिना बगाएर देश बनाउन सिकाउने नेतृत्व' आजको आवश्यकता हो । भाषणको उत्तेजनामा आएर सडकमा ज्यान फाल्नुअघि सोच्नुपर्छ– के यो बलिदानले मेरो परिवार र देशको भविष्य बदल्छ कि केवल कसैको कुर्सी सुरक्षित गर्छ ? अब समय आएको छ, रगत बगाएर सत्ता चढ्ने राजनीति टिक्नु हुँदैन । इतिहास रगतले लेखिन सक्छ, तर देशको भविष्य योजना, दृष्टिकोण, चेतना, विकास र शान्तिले मात्र बनाउँछ । भगवद् गीतामा भनिएको छ- सत्य खोज्ने भीडभन्दा माथि उठ्नुपर्छ । चाणक्य नीतिमा भनिएको छ, 'सत्य लोकप्रिय हुन्छ भन्ने छैन, तर लोकप्रियताका लागि सत्य त्याग्नु हुँदैन ।' विज्ञान भन्छ, 'लोकप्रियताले होइन, प्रमाण र परीक्षणले सत्य तय हुन्छ । तसर्थ सत्य खोज्न भीडको पछि नलाग्नु, विवेक, साहस र यथार्थको बाटो रोज्नु नै उत्तम हुन्छ । शहीदको नाम बेचेर गरिएको राजनीतिले कहिल्यै न्यायपूर्ण समाज निर्माण गर्न सक्दैन । अबको नेपाल 'शहीद थप्दै जाने देश' होइन, 'सुखी र समृद्ध नागरिकको देश' बन्नुपर्छ ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको राम्रो वातावरण बन्नेछ ।

**वृष** : व्यवसायको सन्दर्भमा रमाइलो यात्रा होला । सन्तानबाट सुख मिल्नेछ ।

**मिथुन** : प्रेमीको सहयोग प्राप्त हुनेछ। सांगीतिक क्षेत्रमा रुची बढ्नेछ ।

**कर्कट** : नयाँ कार्यको थालनी हुनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।

**सिंह** : साना तिना समस्यामा अल्झिनुपर्ने देखिन्छ । तनाव बढेको महसुस हुनेछ ।

**कन्या** : साथीको सहयोग र हौसला मिल्नेछ । यात्राको योग रहेको छ ।

**तुला** : अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । कर्म प्रति रुचि बढ्नेछ ।

**वृश्चिक** : पर्यटकीय स्थलको भ्रमण हुनेछ । शुभ कार्यको चर्चा चल्नेछ ।

**धनु** : नयाँ र शुभकार्यको चर्चा चल्नेछ। चिताएको कामले तीव्रता लिनेछ ।

**मकर** : धार्मिक र सांस्कृतिक सभा समारोहमा सरिक हुने सम्भावना छ ।

**कुम्भ** : भौतिक साधन जुटाउने समय छ । रमाइलो यात्राको योग रहेको छ ।

**मीन** : प्रेमबिच खिन्नता बढ्नेछ । ताकेको काम नबन्नाले दिक्क लाग्नेछ ।


# साहित्य दर्पण

व्यक्तित्व / कृतित्व — दिपक पोखरेल'

## माटो, मान्छे र मूल्यको यात्रा : शंकर भण्डारीको जीवनगाथा

मानिसको व्यक्तित्वलाई सबैभन्दा महत्वपूर्ण रूपमा लिने गरिन्छ । उसको व्यक्तित्व निर्माणमा परिवार, सहकर्मी तथा साथीभाइको महत्वपूर्ण भूमिका रहने गर्छ । त्यस्तै उसले अध्ययन गरेका शैक्षिक संस्था र शिक्षा प्राप्ति पछि अवलम्बन गर्ने बाटाले पनि प्रत्यक्ष भूमिका खेलिरहेको हुन्छ । वास्तवमा मानिसको व्यक्तित्व निर्माणमा एकरूपता र अनुरूपताको पनि निकै भूमिका रहने गर्छ । सबैका हकमा यही नियम लागु हुने गर्दछ । यहाँ संघर्षशील सामाजिक व्यक्ति शंकर भण्डारीको व्यक्तित्वलाई विभिन्न शीर्षकमा विभाजन गरेर अध्ययन गर्ने जमर्को गरिएको छ :

पाल्पाको रैनादेवी छहरासोमादी तानसिङ्गलको पहाडी हावामा २०४० सालमा जन्मिएका शंकर भण्डारी केवल एउटा नाम होइनन् -उनी समयसँग संवाद गर्ने एक सचेत आत्मा हुन् । सानैदेखि तीक्ष्ण बुद्धि, विवेकशील सोच र समाजप्रति गहिरो संवेदनशीलता बोकेका उनी भित्रभित्रै मान्छेको दु:खले पोलिने र सीमान्तकृत वर्गको वेदनाले निन्द्रा हराउने सहृदयी मनका धनी थिए ।



**प्रारम्भिक शिक्षा र आत्मसंघर्ष**

उनको प्रारम्भिक शिक्षा सोमादीकै गंगा माध्यमिक विद्यालयमा सुरु भयो । विद्यालय प्रथम भएपछि पिताको चाहनाअनुसार केही समय पाल्पाको जनता माध्यमिक विद्यालय पुगे पनि उनी फेरि आफ्नै माटोमा फर्किए । यही फर्काइ नै उनको जीवनदर्शन बन्यो -"जसले जन्म दियो, उही माटोलाई केही फर्काउनुपर्छ ।" २०५६ सालमा एसएलसी दोस्रो श्रेणीमा उत्तीर्ण हुनु केवल परीक्षा पास गर्नु थिएनह त्यो आत्मविश्वासको पहिलो सार्वजनिक घोषणा थियो । यही समय उनले गाउँमा शिवशक्ति युवा क्लब स्थापना गरी संस्थापक सचिवका रूपमा काम गरे । त्यो क्लब केवल युवाको जमघट होइन, गाउँको सामूहिक चेतनाको केन्द्र बन्यो ।

संस्कृति जगेर्ना, बिरामीलाई स्ट्रेचरमा बोकेर सहर पुऱ्याउने व्यवस्था, विवाह-पूजाका सामूहिक सामग्री व्यवस्थापन-यी सबै कामले देखायो कि उनको समाजसेवा भाषणमा होइन, व्यवहारमा थियो ।

**विद्यार्थी राजनीति र चेतनाको अभियान**

त्रिभुवन बहुमुखी क्याम्पसमा आईए अध्ययनका क्रममा (मेजर इङ्ग्लीस) उनी विद्यार्थी आन्दोलनमा सक्रिय भए । नेपाल विद्यार्थी संघको इकाइ सचिवदेखि जिल्ला क्षेत्रीय नेतृत्वसम्म पुगेका उनले लोकतन्त्र, सामाजिक न्याय र मानवीय मूल्यका पक्षमा गाउँ-गाउँ घुमे । उनका लागि झण्डा केवल प्रतिक थिएनह त्यो चेतनाको उज्यालो थियो ।

**असल शासन र सामाजिक अभियान**

राजनीतिक यात्रामा विश्राम लिएपछि पनि उनको संघर्ष रोकिएन । "असल शासन" अभियानमार्फत भ्रष्टाचार न्यूनीकरण, मानवअधिकार र शान्तिका पक्षमा पाल्पा, गुल्मी, नवलपरासी र स्याङ्जा जिल्लामा चेतनाको लहर फैलियो । करिब चार सय क्लब सदस्य रहेको जिल्ला समितिको नेतृत्व गर्दै उनले प्रमाणित गरे-नेतृत्व पद होइन, जिम्मेवारी हो ।

**पत्रकारिता र द्वन्द्व व्यवस्थापन**

पत्रकारितामा उनले आवाजलाई अर्थ दिए । विभिन्न रेडियो, पत्रिका र टेलिभिजनमार्फत सत्यलाई शब्दमा उतारे । द्वन्द्वकालीन नेपालमा स्थानीय तहमा वार्ता र समन्वयको भूमिकाले उनलाई केवल पत्रकार होइन, भरोसाको सेतु बनायो ।

**प्रशासनिक दायित्व र हरित अभियान**

हाल तानसेन नगरपालिकाको वातावरण तथा सरसफाइ शाखा प्रमुखका रूपमा उनले "सफा तानसेन", "हरियाली तानसेन" र "ग्रीन तानसेन" अभियानलाई व्यवहारमा उतारिरहेका छन् । उनका लागि विकास केवल संरचना होइन-संस्कार पनि हो ।

**मानवीय पक्ष**

सधैं सामान्य पोसाकमा हँसिलो देखिने उनले ४३ पटक रक्तदान गरिसकेका छन् । स्नातक र स्नातकोत्तर (समाजशास्त्र) उत्तीर्ण उनी विचारले स्पष्ट, वाणीले मृदु र कर्मले गहिरा छन् ।

**निष्कर्ष :**

**समयले घडेको मान्छे**

शंकर भण्डारीको जीवन एउटा सन्देश हो-"मान्छे ठूलो पदले होइन, ठूलो फदयले बन्छ ।" उनले माटोलाई माया गरे, मान्छेलाई प्राथमिकता दिए र मूल्यलाई आधार बनाए । उनको यात्रा केवल व्यक्तिगत उपलब्धि होइनह पाल्पाको सामाजिक चेतनाको जीवित दस्तावेज हो । साँचो सेवा नाम कमाउनु होइन-निशान छोड्नु हो । उनीभित्रको जुझारू, इमान्दार र सामाजिकपनलाई सँधै प्रणाम गर्छु, अशेष शुभकामना साथै सुस्वास्थ्य अनि दीर्घायुको कामना ।

## १२ जना प्राध्यापकलाई 'नइ प्रज्ञा पुरस्कार'



**काठमाडौं,** नइ एकेडेमीले 'नेपाल-भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन'को उचाइ अभिवृद्धि गर्नुका साथै नेपाली भाषासाहित्यको पठनपाठन, अनुसन्धान तथा सिर्जनात्मक संवर्धनमा समर्पित १२ जना प्राध्यापकलाई 'नइ प्रज्ञा पुरस्कार' प्रदान गर्ने निर्णय गरेको छ । पुरस्कारको राशि जनही ५० हजार रूपैयाँ रहेको जनाइएको छ । पुरस्कारबाट प्राडा.ऋषिराम शर्मा, प्राडा.कपिलदेव लामिछाने, प्रा.केशव सुवेदी, प्राडा.चक्रपाणि खनाल, प्राडा.जंगबहादुर चौहान, प्राडा.भरतकुमार भट्टराई, प्राडा.महादेव अवस्थी, डा.रजनी काफ्ले ढकाल, प्राडा.लक्ष्मणप्रसाद गौतम, प्राडा.लेखप्रसाद निरौला, डा.साधना पन्त 'प्रतीक्षा' र डा.हर्कबहादुर शाहीलाई विभूषित गरिने भएको छ । एकेडेमीका कुलपति इन्दिरा प्रसाईंको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो । महासमालोचक वासुदेव त्रिपाठीको सर्वोच्च प्राज्ञिक नेतृत्वमा तीनदिने 'नेपाल-भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन' आयोजना गर्न लागिएको एकेडेमीले जनाएको छ । एकेडेमीका सदस्यसचिव नरेन्द्रराज प्रसाईंका अनुसार २०८२ साल चैत २७, २८ र २९ गते सम्पन्न हुने सम्मेलनका अवसरमा 'नइ प्रज्ञा पुरस्कार' समर्पण गरिनेछ । - ***हिमालयन टाइम्स***

निबन्ध — पुण्य कार्की

## नौनी झिक्ने भ्यागुतो

> ***सृजनको कहिल्यै ननिभ्ने ज्योतिशिखा हुरीहरुलाई झेलेर पनि बलिरहेको हुन्छ । हाम्रो सामाजिक सतहमा नौनी मथ्नेहरुको संख्या कम छ, अरुले पारिदिएको मोही पिउनेहरुको संख्या बढी छ । रङ, ब्रस र कुचीको व्यवस्था गरेको छु ।***

कोही नौनी झिक्तैनन् अर्थात् कोही दही मथ्न तयार छैनन् । केवल अर्काले पारिदिएको मोही पिएर मुख बिगार्नेहरु छन् । अनि "कत्ति अमिलो मोही !" भनेर मोहीको विषयमा नाटिकुटी गर्नेहरु छन् । आफू भैंसी नपाल्ने, आफू भैंसीलाई घाँस काट्न अल्छी गर्ने, दूध दुहुने, दही जमाउने र मोही पार्ने काममा अल्छी गर्ने अनि अरुले पारेको मोही माग्न लुसुक्क ढुङ्गो बोकेर अरुको ढोका चियाउने, मोही पाएपछि मोहीको विषयमा नकारात्मक टिकाटिप्पणी गर्ने, यसै प्रक्रियाबाट गुज्रिएका छौँ हामी । हाम्रो मनोविज्ञानको रचना यसै किसिमले भएको छ । राम्रो कुरा गर्न आउँदैन, नराम्रो नराम्रो कुरा गर्न मात्र आउँछ । राम्रो कुरा सुन्दा भत्भत मुटु पोल्छ । अर्काको नराम्रो कुरा सुन्दा सञ्च हुन्छ हामीलाई । आफू काम नगर्ने, अरुले गरेको काममा खोट देखाउन सिपालु हामी । असल, मिहनेती र पौरखी मानिसले त मोही पार्ने आँट गर्छ, नौनी झिक्ने र नौनी खाने चाह राख्छ, र त्यही बाटोमा आफूलाई अग्रसर गराउँछ । न त उसलाई अरुले पारेको मोही माग्नुको दरकार छ, न त मोही पिएर त्यही मोहीको विषयमा टिकाटिप्पणी गर्ने फुर्सद छ । उसलाई त आफ्नो भैंसी घस्याउँनुमा, भैंसीका फाँचो पगार्नुमा, दुध तताउनुमा, दही मथ्नुमा, नौनी झिक्नुमा, त्यसलाई खार्नुमा नै उसलाई फुर्सद छैन । अर्काले बनाइदिएको बाटोमा यात्रा गर्नु जस्तो सजिलो कुरा केही छैन । गाह्रो त नयाँ बाटो बनाउँदै हिंड्नुमा छ । अर्काले खनेको बाटोको बारेमा अनेकन् टिकाटिप्पणी गर्न सकिन्छ । खोटहरु खुट्याउन सकिन्छ । तर आफ्नोलागि आफैँले हातमा कोदाली बोकेर गोरेटो कोर्नु कति चुनौतिपूर्ण काम छ, कत्ति जोखिमपूर्ण काम छ ? अर्काले फाँडिदिएको बाटोमा कुनै समस्या हुँदैनन् । कुनै चुनौती र अबरोधहरु हुँदैनन् । त्यहाँ हिड्नु यसर्थ सजिलो छ, हामीले सिर्फ गोडा चालिदिए पुग्छ । अन्य श्रम र कसरतको दरकार पर्दैन । तर बाटै नभएको ठाउँमा नयाँ नयाँ बाटो निकालेर यात्रीहरुको यात्रालाई सुगम पारिदिनु कत्ति सकसपूर्ण काम छ ? काँढैकाँढ।ले ढाकिएको झोरजंगलमा, भिरपहरा र चट्टानले ढाकिएको ठाउँमा गोरेटो कप्नुमा कत्ति कष्ट छ । जीवन जोखिममा राखेर गैंची चलाउनुपर्छ । अनेकन अबरोधले श्रमलाई विश्राम गर्न खोज्छन् । तर म त्यो जोखिममा आनन्दका रेखाहरु भेट्छु ।

संघर्षबाट, साधनाबाट प्राप्त हुने सुखमा जीवनको उत्कृष्ट आनन्द लुकेको हुन्छ । त्यसैले चुनौतीसित खेल्नुमा एक मजा छ । जीवन चुनौतीरहित भयो भने त्यो जीवन बिकम्मा बन्छ । जीवनका सारा अवयवहरु सुस्त र पङ्गु बन्छन् । मलाई त चुनौतीका नयाँ नयाँ बादल मडारिएको आकाश हेर्न मन पर्छ । किनकि चुनौतीका बादलमै आनन्दको वर्षात् छ । त्यो वर्षामा रुझ्न भिज्न मन पराउँछु । त्यो वर्षात्लाई पिउन र चाख्न हर्दम लालायित बन्छु । समाजको फलकमा दुईखाले मान्छे हुन्छन् । पहिलो खालका मानिस दही मथ्ने र नौनी झिक्ने खालका हुन्छन् । दोस्रो खालका मानिस आफू केही नगर्ने अरुले पारिदिएको मोही पिएर मोहीको विषयमा नाटीकुटी गर्ने । मोही पार्नेलाई त अरुको नाटीकुटी गरिरहन फुर्सतै हुन्न नि । जो अर्काले सिर्जना गरिदिएको बस्तुको सुताहा उपभोक्ता बन्छ, ऊ आलोचनामा माहिर हुन्छ । गुणदोष छुट्याउने पण्डित बन्छ । कतै पढेको थिएँ, एकचोटि फ्रान्समा एउटा चित्रकारले साह्रै राम्रो चित्र बनायो । आफूलाई राम्रो लागेपनि चित्रमा के कस्ता कमीकमजोरीहरु रहे, उसलाई थाहा पाउन मन लाग्यो । उसले त्यो चित्र एउटा चौबाटोमा लगेर टाँसिदियो । त्यसको छेउमै कलम र कागजपनि छोडिदियो । उसले चित्र मुनि लेखेको थियो -"कृपया ! यो चित्र हेरेर, यस चित्रमा के के कमी कमजोरी रहेका छन् ? औल्याइदिनु होला ।" उसले कापी कागज त्यसकै लागि छोडिदिएको थियो । त्यो चित्र हेर्ने मानिसले हजारौँ गल्ती कमी कमजोरी देखाएर टिप्पणीहरु लेखिदिए । हप्तादिनपछि उसको चित्रमा हजारौँ खोट देखाउने मानिसको लर्को लाग्यो । अर्को हप्ता त्यो चित्रकारले पुन: त्यस चित्रमुनि यस्तो कुरा लेख्यो -"कृपया ! यो चित्र सुन्दर नबन्नुमा केले बाधा पुऱ्याएको छ, अनि चित्रमा के अधुरो छ जसले चित्रलाई उत्कृष्ट बन्न बाधा हालेको छ ? त्यसलाई सच्याइदिनु होला । रङ, ब्रस र कुचीको व्यवस्था गरेको छु ।" उसले त्यहीं रङ, ब्रस र कुची राखिदियो । हप्तादिन त के ? महिना दिनसम्म प्रतिक्षा गर्दा पनि त्यो चित्र सच्याउन कोही आएनन् । सूचना पढ्थे, रङ, ब्रस र कुची नछोई त्यहाँबाट हिँड्थे । चित्रकारलाई ताज्जुब लाग्यो । यस कुराबाट उसले मानव मनोविज्ञानभित्रको विचित्र कुरा थाहा पायो । कुनै चिजको दोष र त्रुटी देखाउन, केलाउन मानिस सक्षम हुन्छ तर दोष त्रुटि सच्याउन चाहिँ सक्तैन । अर्काको खोट खुट्याउन मान्छे जति माहिर छ, अर्काको दुर्वलता देखाउन मान्छे जति माहिर छ । ती दुर्बलता र कमजोरीहरु हटाउन चाहिँ कायर छ । अर्काले सिर्जना गरेको चिजमा नाटीकुटी देखाउन जति सजिलो छ, आफैँले नाटीकुटी गरेको चिज सुधार्न पनि त्यत्तिकै गाह्रो छ । ठेकोभित्र दही मथेर नौनी झिक्नेहरुलाई, र झोर जंगल अनि आटव्य चट्टानले घेरिएको ठाउँमा आफू हिँड्ने बाटो आफैँ तयार गर्ने पथिकहरुलाई न त अरुको निन्दा गर्न समय हुन्छ, न त अरुको खिसी टिउरी र नाटीकुटीमा लाग्ने फुर्सतै हुन्छ । यस्ता मानिसलाई न त अरुले पारिदिएको मही पिएर 'अमिलो रङ्गछ' ङ्ग भनी मुख नमीठो पारी प्रतिक्रिया पोख्नमा समय हुन्छ । न त अरुले खनिदिएको बाटोमा सयर गर्ने शौख र रुचि हुन्छ । उनीहरुलाई त पहरा कप्नमा अकथनीय आनन्दको आभास हुन्छ । आफैँले नौनी मथ्नुमा, घिउ खानुमा सर्वोच्च सुखसौन्दर्य छल्किएको हुन्छ । आफैंभित्रको रङ निचोरेर, आफ्नै औँलाका टुप्पाहरुले चित्रकारिताको अनुपम सौन्दर्य रचना गर्नेहरुलाई अर्काको चित्रको खोट देखाउन, खिसीटिउरीको भाषा बोल्न आउँदैन । निन्दा बोल्न त तिनलाई मात्र आउँछ जसले सृजनाका सर्गहरु रच्न सक्तैन । पौरखका अखेटाहरु कप्न सक्तैन । आफ्ना रङ, ब्रस र कुचीहरु मुसाको आहारा बनाएर अरुको चित्रमा अनन्त निन्दा बोल्ने उपर दयाको भाव उठ्छ । सृजनको साधनापथमा पसिना पोख्ने मनुवा जीवनका हर चुनौतीहरुसित सिंगौरी खेल्ने आँट गर्छ । समस्याहरुमा समाधानका सूत्रहरु पहिल्याउँछ । समस्याका अप्ठ्यारा चट्टान ढिस्काहरुलाई समाधानका सिँढी कुँदेर ऊर्ध्वगामी यात्रालाई सहज तुल्याउँछ । ऊभित्र सपनाका पहाडहरु शृङ्खला बनेर उभिएका हुन्छन् । सृजनको कहिल्यै ननिभ्ने ज्योतिशिखा हुरीहरुलाई झेलेर पनि बलिरहेको हुन्छ । हाम्रो सामाजिक सतहमा नौनी मथ्नेहरुको संख्या कम छ, अरुले पारिदिएको मोही पिउनेहरुको संख्या बढी छ । आफू हिँड्ने बाटो आफैँ बनाउनेहरुको संख्या कम छ, अरुले बनाएको बाटोमा यात्रा गर्नहरुको संख्या बढी छ । आफूलाई उत्खनन् गरेर आफ्नो निर्माण गर्नेहरुको संख्या कम छ अरुको निर्माणमा रमिता हेर्ने र तिनलाई अर्तिउपदेश गर्नेहरुको संख्या बढी छ । यही अवस्थाले हाम्रो चेतनाको उचाइ देखाउछ, यही कुराले हाम्रो भौतिक तथा चैतनिक समृद्धि निर्धारण गर्दछ । यस सन्दर्भमा मलाई दूधको घ्याम्पामा डुब्ने भ्यागुताहरुको कथाको विम्ब सम्झिन मन लाग्छ । कथा संकेतमा बोल्छ, एकचोटि दुइटा भ्यागुता अलग अलग दूधका घ्याम्पामा खसेछन् । सुगम पथमा हिँडिरहेका भ्यागुताहरु दूधका घ्याम्पामा डुबेपछि बिचल्नीमा पर्छन् । उनीहरु अत्तालिन थाल्छन् । भ्यागुताहरु त्यतिसारो अत्तालिनुको कारण के थियो भने घ्याम्पोमा डुब्ने बित्तिकै दुईटै घ्याम्पोका बिर्को बन्द भएका थिए । ती भ्यागुताहरु उपायविहीन भएर छट्पटाउन थाले । उनीहरुको बाहिर निस्किने बाटो बन्द भएको थियो ।

पहिलो भ्यागुताले सोच्यो- आखिर मर्ने नै भैयो, मर्नु नै छ भने पनि आखिर केही न केही उपाय गरेर केहीबेर भए पनि किन नबाँच्ने ? यो सोचेर त्यो भ्यागुतो पौडिखेल्न थाल्यो । पौडी खेलेरै बाँच्ने निधो गरेपछि उसलाई त्यसमै मजा आउन थाल्यो । केही घण्टापछि दूधमा पौडी खेल्दाखेल्दै नौनीको डल्लो तयार हुन्छ । अब ऊ त्यही नौनीको डल्लामाथि बसेर आरामले आफू मुक्त हुने समयको प्रतिक्षा गर्न थाल्छ । नभन्दै एकदिन बिर्को खुल्छ र त्यहाँबाट निस्किन सफल हुन्छ । अर्को भ्यागुतोले चाहिँ घ्याम्पोमा जीवित हुने आशाहरु खरानी बनाउँछ । ऊ मृत्युको अगाडि लम्पसार आत्मसमर्पण गर्छ । आफ्ना हातखुट्टा चलाउनु त के चलमल नगरी दूधको अतल गहिराइमा डुब्छ केही क्षणमा ऊ मर्छ । समस्याको पोखरीमा डुबेर नौनी झिक्ने भ्यागुतो हामी कहिले बन्छौँ होला । अरुले पारिदिएको मोही पिउन छोडेर आफैँ हामी कहिले दही मथ्छौँ होला । अरुले खनीखोस्रिदिएको बाटोलाई इन्कार गरेर आफ्नो यात्राको निम्ति गोरेटो नै सही, त्यो बाटो कहिले कोर्छौं होला । त्यो दिनको बारेमा सोचिरहेछु । त्यस्ता मानिसहरुको बारेमा सम्झिरहेछु ।

***-समकालीन साहित्य डटकम***

# अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाइदैं




**पाल्पा, फागुन ८**/अन्तर्राष्ट्रिय मातृभाषा दिवस आज विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदैछ । संयुक्त राष्ट्रसंघ महासभाले सन् १९९९ मा घोषणा गरी सन् २००० देखि फेब्रुअरी २१ तारिखका दिन अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरिएको हो ।

नेपालमा भने विसं २०६६ देखि विशेषरुपमा अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरिएको हो । विश्वमा १५ दिनमा दुईवटा भाषा लोप हुने गरेको तथ्य अध्ययनबाट सार्वजनिक भएको छ ।

नेपालमा १ सय ३१ वटा भाषा बोलिन्छन् । तर ती भाषामध्ये मातृभाषाका रूपमा बोलिने भाषाहरूको संख्या, बोलिने स्थान, वक्ता र भाषिक जीवन्तताबारे सोधखोज भएको छैन । राष्ट्रिय जनगणनाले समेत भाषिक चित्र दिन नसकेको भाषाविज्ञहरू बताउँछन् । गणनाबाट केवल जातजाति र ती भाषाका वक्ता संख्या मात्रैको आँकडा आउने गरेको छ । भाषाले सञ्चार, पहिचान र विकासका लागि दीर्घकालीन महत्व बोकेको हुन्छ । भाषा लोप हुँदा यसको सांस्कृतिक र बौद्धिक धरोहरको समेत अवशान हुन्छ । भाषाको मृत्युसँगै त्यस भाषामा अन्तर्निहित ज्ञान, संस्कार, संस्मरण सांस्कृतिक र भाषिक विविधता लोप हुन पुग्दछ । भाषिक विविधताले नवीन सोचाइ र यसले संसारलाई हेर्ने नवीन दृष्टिकोणसमेत बोकेको हुन्छ । भाषिक विविधता आफैंमा वैज्ञानिक खोज-अनुसन्धानको विषय पनि हो । पछिल्लो समय मातृभाषा लोप हुन थालेका छन् । भाषा लोप हुन नदिन पनि आज सरोकारवाला निकायहरुले विभिन्न कार्यक्रम गर्दै छन् । दिवसका अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठान, भाषा आयोग र संयुक्त राष्ट्र संघीय शैक्षिक वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) ले विभिन्न सचेतनाका कार्यक्रमहरु गर्दै छन् ।

# रुपन्देही–४ का मतदाता भन्छन्...

...उम्मेदवारलाई चिनेर मतदान गर्नुपर्छ । निर्वाचन जितेर गएपछि आफूले जितेका क्षेत्रमा नफर्किनेलाई किन जिताउने ? यो क्षेत्र र जनतालाई हेर्ने उम्मेदवार चाहियो । ? जितेपछि काम गर्छु भन्ने आश्वासन मात्रै पाइयो । जितेर गएपछि हामीलाई उहाँहरुले चिन्दै चिन्नुहुन्न ।" मर्चवारी-३ रायपुरका साधुसरण यादव रुपन्देही क्षेत्र नं ४ मा विशेषगरी सडक, किसानलाई समयमै मलखाद र सिँचाइको सुविधा उपलब्ध नहुनु, सुविधासम्पन्न अस्पताल नहुनु, विद्यालयमा भौतिक पूर्वाधारको अभावजस्ता मुख्य समस्या रहेको बताए । "विगतमा जितेर गएका जनप्रतिनिधिले खासै विकासका काम गर्न सकेनन् । यसपटक निर्वाचनमा मतदान गरेर शिक्षा, स्वास्थ्य, रोजगारीलगायतको व्यवस्थाका साथै यस क्षेत्रको विकास गर्नसक्ने उम्मेदवारलाई जिताउँछौं", उनले भने ।

कोटहीमाई गाउँपालिका-७ परसहवाका मख्खन लोधले यस क्षेत्रमा समस्याको चाङ रहेको बताए । उनले समस्या समाधान गर्न सक्ने उम्मेदवारलाई जिताउनुपर्नेमा जोड दिए । मर्चवारी गाउँपालिका-सिसो सेमराका श्याम मोहन यादवले पनि मुख्य गरी यहाँ सडककै समस्या रहेको बताए । "सडकमा खाल्डाखुल्डी छ, जसले गर्दा सवारी दुर्घटना बढेको छ । विद्यालयमा पनि विभिन्न समस्या छ । सुविधासम्पन्न अस्पताल पनि छैन । यहाँबाट निर्वाचित जनप्रतिनिधिले भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, रोजगारजस्ता क्षेत्रको विकासमा विशेष ध्यान दिनुपर्छ", उनले भने । मायादेवी गाउँपालिका-४ का चन्द्रशेखर गुप्ताले यो क्षेत्रमा मुख्य गरी सडक पूर्वाधारकै समस्या रहेको बताए । उनले शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा जनप्रतिनिधिले विशेष ध्यान दिनुपर्ने माग गरे ।

मर्चवारी-१ का श्रीराम यादवको भनाइ पनि समान नै छ । उनले भने, "जुन उम्मेदवारले खाद्य, सिँचाइ, सडकको व्यवस्था गर्न सक्नुहुन्छ, त्यही उम्मेदवारलाई नै यसपटक जिताउने हो ।" सम्मरीमाई गाउँपालिका-६ असुरैनाका मोहम्मद असलम खाँले शिक्षा, स्वास्थ्य, सडक, कृषि क्षेत्रमा नै मुख्य समस्या रहेको बताए । मर्चवारी-१ कै मेनका यादवले काम नगर्ने उम्मेदवारलाई किन जिताउने भन्दै प्रश्न गरे । उनले शिक्षा, सडक, कृषि, रोजगारीमा ध्यान दिने जनप्रतिनिधि आवश्यक रहेको बताए । रुपन्देही निर्वाचन क्षेत्र नं ४ मा ६६ हजार ६२ पुरुष, ५० हजार ११० महिला गरी एक लाख १६ हजार १७२ मतदाता छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा रुपन्देही क्षेत्र नं ४ बाट २२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । यहाँ पूर्वमन्त्रीदेखि पूर्वप्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य चुनावी मैदानमा छन् । रुपन्देही-४ मा सात जना स्वतन्त्र र राजनीतिक दलबाट १५ जनाले उम्मेदवारी दर्ता गराएका छन् । विसं २०७९ मा यो क्षेत्रमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नेपालका सर्वेन्द्रनाथ शुक्ला निर्वाचित भएका थिए । विसं २०७४ नेपाली कांग्रेसका प्रमोदकुमार यादव निर्वाचित भएका थिए भने २०७० सालमा तराई-मधेस लोकतान्त्रिक पार्टीबाट शुक्ला नै निर्वाचित भएका थिए । विसं २०६४ मा भने मधेसी जनअधिकार फोरमका उम्मेदवार ओमप्रकाश यादव निर्वाचित भएका थिए ।

## खेलकुद समाचार

### अफगानिस्तानले क्यानडालाई हरायो



**काठमाडौं,** फागुन ८/ आईसीसी टी-२० विश्वकपमा समूह 'डी' को खेलमा अफगानिस्तानले क्यानडालाई ८२ रनले पराजित गरेको छ । भारतको चेन्नईमा भएको खेलमा पहिले ब्याटिङ गरेको अफगानिस्तानले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै २०० रन बनायो । अफगानिस्तानका ओपनर रहमानुल्लाह गुरबाजले २० बलमा ३० रन बनाए भने इब्राहिम जाद्रानले उत्कृष्ट प्रदर्शन गर्दै ५६ बलमा अविजित ९५ रन प्रहार गरे । उनले ७ चौका र ५ छक्का प्रहार गर्दै टोलीलाई मजबुत स्थितिमा पुर्याए । २ सय १ रनको लक्ष्य पछ्याएको क्यानडा निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय १८ रनमै सीमित भयो ।त्यसअघि भएको खेलमा जिम्बावेले श्रीलंकालाई ६ विकेटले पराजित गर्यो भने वेस्ट इन्डिजले इटालीलाई ४२ रनले हरायो । 'सुपर एट' मा पुगिसकेको वेस्ट इन्डिज लगातार चार खेलमा जितेर समूह 'सी' को शीर्ष स्थान कायम राख्न सफल भयो । विश्वकपमा 'सुपर एट' मा पुग्ने सबै टोलीको टुङ्गो लागेको छ । समूह 'ए' बाट भारत र पाकिस्तान, समूह 'बी' बाट श्रीलङ्का र जिम्बावे, समूह 'सी' बाट वेस्ट इन्डिज र इग्ल्यान्ड तथा समूह 'डी' बाट दक्षिण अफ्रिका र न्युजिल्यान्ड 'सुपर-एट' मा पुगेका छन् । 'सुपर एट' का खेलहरु आजदेखि शुरू हुनेछन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### यामाहाको "मायासँग मायाको यात्रा"




**पाल्पा,** फागुन ८/ यामाहा नेपालले "मायासँग मायाको यात्रा" मार्फत देशभर प्रेम र खुसी बाँडेको छ । उसले विशेष भ्यालेन्टाइन सप्ताह अभियान अन्तर्गत प्रेमको भावनालाई उत्सवका रूपमा मनाउँदै आएको हो ।

यस अभियानले यामाहाको ग्राहक-केन्द्रित सोच र देशव्यापी उपस्थितिलाई बलियो बनाएको छ । यामाहाले आफ्नो सवारी साधन हस्तान्तरण प्रक्रियामा मिठास र सम्झनायोग्य स्पर्श थपेको थियो । भ्यालेन्टाइन सप्ताहका दौरान नयाँ यामाहा मोटरसाइकल वा स्कुटर खरिद गर्ने प्रत्येक ग्राहकलाई यामाहाको तर्फबाट कस्टमाइज्ड चकलेट प्रदान गरिएको थियो । साथै, शोरूमहरूमा भ्यालेन्टाइन थिमका कार्यक्रमहरू आयोजना गरी ग्राहकलाई विशेष महसुस गराउने प्रयास गरिएको थियो । यस अभियानमा राष्ट्रव्यापी फोटोबुथ प्रतियोगिता पनि समावेश गरिएको थियो । देशभरका यामाहा शोरूमहरूमा भ्यालेन्टाइन थिममा सजिएका फोटोबुथ स्थापना गरिएका थिए, जहाँ ग्राहकहरूले आफ्ना रमाइला क्षणहरू कैद गरी सामाजिक सञ्जालमा शेयर गरेका थिए ।

## १५ दिने दावी विरोध सम्बन्धी सूचना

*मिति : २०८२/११/०९*

प्रस्तुत विषयमा हाल निस्दी गाउँपालिका वडा नं. २ स्थायी ठेगाना भई हाल ता.न.पा.-७ काजीपौवा स्थित दल बहादुर लामिछानेको नाती टेक बहादुर लामिछानेको छोरा वर्ष ५५ का देवीलाल लामिछानेको नाममा दर्ता कायम रहेको कि.नं. ७१२, १५३७ क्षे.फ. ०-४-०-० को जग्गामा घर बनाउन मिति २०८२/१०/१८ मा तानसेन नगरपालिका कार्यालय तानसेन, पाल्पाबाट सधियारको नाममा जारी भएको १५ दिने हकदावी सूचना म्यादभित्र सर्जीमिन मुचुल्का बुझ्दा पूर्व तर्फको कि.नं. ७११ को संधीयार सम्पर्कमा नआएकोले यो सूचना प्रकाशित गरिएको छ । जग्गाधनी देवीलाल लामिछानेले प्रकाशित गरेको सूचना मितिले कुनै दावी विरोध भएमा १५ दिनभित्र स-प्रमाण सहित दावी विरोधको लागि तानसेन नगरपालिकाको नक्सा शाखामा दावी विरोध गर्न आउनुहुन सादर अनुरोध गरिन्छ । अन्यथा सोही बमोजिम नापनक्सा तथा निर्माण कार्य हुने यसै सूचनाबाट जानकारी गराइन्छ । इति सम्वत २०८२ साल ०९ गते रोज ७ शुभम् ...।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई